विधेयक संख्याः

# जाति, रंग, क्षेत्र, भेषभूषा, राष्ट्रियता वा उत्पत्तिमा आधारित भेदभाव कसूर र सजायको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

# २०८१

**संघीय संसद सचिवालय**

**संसद भवन**

**सिंहदरबार, काठमाण्डौ**

## उद्देश्य र कारण

नेपालमा जाति, रंग, क्षेत्र, भेषभूषा, वा राष्ट्रियता वा उत्पत्तिको आधारमा गरिने भेदभावजन्य कार्य अपराधको साथै मानव अधिकारको गम्भीर उल्लङ्घन समेत हो । सिमान्तकृत समुदायका व्यक्तिहरुले भोग्ने त्यस्ता किसिमको भेदभावले मानसिक, सामाजिक, शारीरिक, आर्थिक, र मनोवैज्ञानिक असरहरू पार्छ । यसले समाजमा असमानता र विभाजनलाई थप मलजल गर्ने गर्दछ । जाति, रंग, क्षेत्र, भेषभूषा, वा राष्ट्रियता वा उत्पत्तिको आधारमा गरिने भेदभावले विशेष गरी मधेशी, दलित, थारु, आदिवासी, र अन्य सीमान्तकृत समुदायहरूलाई शिक्षा, स्वास्थ्य, रोजगारी र राजनीतिक समावेशिताजस्ता मौलिक अधिकारहरूबाट वञ्चित गर्दछ । यसले उनीहरूको सामाजिक उन्नति र आर्थिक विकासमा बाधा उत्पन्न गर्दछ । यो सम्बन्धमा नेपालमा कानूनी अभाव रहेकाले जाति, रंग, वंश, समुदाय, भेषभूषा, वा राष्ट्रियता वा उत्पत्तिको आधारमा गरिने भेदभाव न्युनीकरण तथा अन्त्य हुन सकेको छैन ।

समानता, सामाजिक न्याय र विधिको शासन सुनिश्चित गर्न तथा जाति, रंग, क्षेत्र, वंश, समुदाय, भेषभूषा, वा राष्ट्रियता वा उत्पत्तिको आधारमा गरिने भेदभावलाई अपराध घोषित गर्न त्यस्ता भेदभावलाई कानूनी रूपमा परिभाषित गरी निषेध गर्नु, भेदभाव गर्ने कार्यलाई कसूर मान्दै दण्डको व्यवस्था गर्नु, तथा पीडितलाई न्याय र उचित राहत प्रदान गर्ने सुनिश्चितता गर्न यो विधेयकको अत्यावश्यक रहेको छ ।

यसरी जाति, क्षेत्र, रंग वा राष्ट्रियता वा उत्पत्तिको आधारमा गरिने भेदभावले संविधानद्वारा प्रत्याभूत समानता, स्वतन्त्रता र मर्यादाको अधिकार कुण्ठित गर्ने भएकोले भेदभावजन्य कार्यहरूको परिभाषा, दण्डको व्यवस्था, तथा पीडितहरूले कानूनी उपचार पाउने, क्षतिपूर्ति प्राप्त गर्ने, तथा अपराधीलाई कारबाही गर्ने प्रणालीलाई प्रभावकारी बनाउनको लागि स्पष्ट र प्रभावकारी कानूनी व्यवस्था गर्न कानूनका निर्माण अत्यावश्यक भएकोले "जाति, रंग, क्षेत्र, भेषभूषा, राष्ट्रियता वा उत्पत्तिमा आधारित भेदभाव कसूर र सजायको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१" गैरसरकारी विधेयकको रुपमा पेश गरिएको छ ।

चन्द्र कान्त राउत

प्रतिनिधि सभा सदस्य

# विधेयकको सैद्धान्तिक अवधारणा

नेपाल बहुजातीय, बहुसांस्कृतिक र बहुभाषिक समाज हो, जहाँ विविध समुदायको समान अस्तित्व, सम्मानजनक जीवन तथा समान अवसर सुनिश्चित गर्नु राज्यको दायित्व हो । जाति, रंग, क्षेत्र वा राष्ट्रियता वा उत्पत्तिको आधारमा हुने भेदभावले व्यक्ति मात्र नभई समाजकै एकता र स्थायित्वलाई असर पुर्याउने हुँदा यसलाई कानूनी रूपमा परिभाषित गर्दै निषेध गर्न र दण्डनीय बनाउनु आवश्यक छ । संविधानको मौलिक हक तथा अन्तर्राष्ट्रिय मानव अधिकारका सिद्धान्तहरूलाई आत्मसात् गर्दै जातीय तथा रंगभेदजन्य भेदभावलाई दण्डनीय अपराधका रूपमा स्थापित गर्न यो विधेयक प्रस्ताव गरिएको छ ।

कुनै पनि व्यक्तिलाई जाति, क्षेत्र, रंग, भेषभूषा, वा राष्ट्रियता वा उत्पत्तिको आधारमा सार्वजनिक वा निजी रूपमा अपमान, सामाजिक बहिष्कार वा भेदभाव गर्न नपाइने भन्ने व्यवस्था यस विधेयकमा गरिएको छ । पीडितले न्याय पाउने, क्षतिपूर्ति प्राप्त गर्ने, र अपराधीलाई कानूनी दायरामा ल्याउने सुनिश्चितता गरिन्छ । यसरी जातीय, रंग, क्षेत्र, भेषभूषा, राष्ट्रिय वा उत्पत्तिको आधारमा हुने भेदभावको निषेध सम्बन्धी कानूनी व्यवस्था नरहेको वा रहे पनि अपुरो रहेको हुँदा त्यस्ता कार्यलाई अन्त्य गर्दै कानूनी शासनमार्फत समतामूलक समाज निर्माण गर्नको लागि विशेष कानून निर्माणर्थ यो विधेयक प्रस्तुत गरिएको छ ।

## आर्थिक टिप्पणी

जाति, क्षेत्र, रंग, भेषभूषा, वा राष्ट्रियता वा उत्पत्तिको आधारमा सार्वजनिक वा निजी रूपमा अपमान, सामाजिक बहिष्कार वा भेदभाव गर्ने कार्यलाई अपराध घोषित गरेको र पीडितलाई क्षतिपुर्ति दिने भनी मुख्य कानूनी व्यवस्थाको परिकल्पना गरेको देखिन्छ । नेपालको संविधान तथा अन्तराष्ट्रिय सन्धि सम्झौतालाई कार्यान्वयन समेत गर्न यो जाति, रंग, क्षेत्र, भेषभूषा, राष्ट्रियता वा उत्पत्तिमा आधारित भेदभाव (कसूर र सजाय) विधेयक, २०८१ संघीय संसदमा पेश गर्नु परेको हो ।

यस कानूनले अपराध भनी परिभाषित गरेको कसूर नेपाल सरकारवादी भई चल्ने मुद्दा अन्तर्गत नै रहेको छ । विद्यमान कानूनी व्यवस्थाबमोजिम रहेको संरचनाले यस विधेयकले परिकल्पना गरेको कसूरको अनुसन्धान, तहकिकात र अभियोजन गर्ने भएकोले थप आर्थिक व्ययभार पर्ने अवस्था देखिदैन । पीडितलाई क्षतिपुर्ति बापत पर्न आउने व्ययभार पीडित राहत कोष मार्फत बहन गर्न सक्ने नै हुँदा राज्यले अतिरिक्त व्ययभार ब्याहोर्नु पर्ने अवस्था देखिदैन ।

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

ऐनको दफा १७ अन्तर्गत ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्याविधिगत विषयवस्तुमा मात्रै नेपाल सरकारले आवश्यक नियम बनाउन सक्ने व्यवस्था गरिएको छ ।

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भ | यस ऐनको नाम "जाति, रंग, क्षेत्र, भेषभूषा, राष्ट्रियता वा उत्पत्तिमा आधारित भेदभाव (कसूर र सजाय) ऐन, २०८१" रहेको छ र यो ऐन तुरुन्त लागु हुने छ भनी व्यवस्था गर्न । |
| २ | परिभाषा | विधेयकमा प्रयोग भएका शब्दावलीहरु स्पष्ट गरी परिभाषित गर्न । |
| ३ | कानूनको अगाडी समानताको अधिकार | नेपालको संविधानले प्रत्याभुत गरेको समानताको अधिकारलाई गर्नु परेकोले । |
| ४ | जाति, रंग, क्षेत्र वा राष्ट्रियता वा उत्पत्तिको आधारमा भेदभाव गर्न नहुने | जाति, रंग, क्षेत्र, भेषभूषा, वा राष्ट्रियता वा उत्पत्तिको आधारमा भेदभाव गर्न नहुने भनी नकारात्मक अधिकारको रुपमा व्यवस्था गर्न आवश्यक रहेकोले । |
| ५ | भेदभाव र कसूर गरेको मानिने | ऐनले गर्न निषेधित गरेका कार्यको व्याख्या गर्दै कसूर कायम गर्न आवश्यक रहेकोले । |
| ६ | उजुर गर्ने | यस ऐनबमोजिम कसूर गर्ने आरोपित व्यक्ति उपर उजुरी सम्बन्धी स्पष्ट व्यवस्था गर्न । |
| ७. | मुद्दाको अनुसन्धानमा सहयोग लिन सक्न | यस ऐन कायम गरेको कसूरको अनुसन्धानमा सहयोग लिन सक्ने सम्बन्धी व्यवस्था गर्न । |
| ८ | सजाय | ऐनको प्रभावकारी कार्यान्वयन र पालना गर्न गराउन तथा कानूनको उल्लंघन गर्ने व्यक्तिलाई सजायको व्यवस्था गर्ने । |
| ९ | बाधा विरोध गर्नेलाई सजाय | यो ऐन कार्यान्वयनमा कसैले बाधा अवरोध खडा गरेमा त्यसलाई समेत कानून दायरामा ल्याउन सक्ने कानून व्यवस्था गर्न । |
| १० | क्षतिपूर्ति | ऐन विपरित काम गरेमा क्षतिपुर्ति दिलाउने व्यवस्था गर्न । |
| ११ | हदम्याद | मुद्दाको हदम्याद लाग्ने समयावधि तोक्न । |
| १२ | सरकारवादी हुने | यस ऐनबमोजिम कसूर कायम गरिएको मुद्दा सरकार वादी हुने भनी व्यवस्था गर्न । |

| | | |
|---|---|---|
| १३ | संक्षिप्त कार्यविधि अपनाउनु पर्ने | यस ऐनबमोजिमको पीडितलाई छिटो छरितो न्याय प्राप्त होस भनी संक्षिप्त कार्यविधि सम्बन्धी कानूनी व्यवस्था गर्न । |
| १४ | प्रचलित कानून बमोजिम सजाय हुने | प्रचलित कानूनबमोजिम अन्य कसूर कायम हुने रहेको छ भने त्यस्ता कसूरमा समेत कारवाही गर्न सक्ने स्पष्ट प्रदान गर्न । |
| १५ | यसै ऐन बमोजिम हुने | यस ऐनमा उल्लेख गरिएका कसूरजन्य घटनाको हकमा यसै ऐन बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुने । |
| १६ | सहयोग गर्नु पर्ने | यो ऐन कार्यान्वयनमा सम्बन्धित सरोकारवालाहरुले सहयोग गर्नु पर्ने भनी व्यवस्था गर्न । |
| १७ | नियम बनाउन सक्ने | ऐनको अधिनमा रही प्रत्यायोजित व्यवस्थापनको सिद्धान्त अनुरुप ऐनको प्रभावकारी कार्यान्वयन गर्न नियम बनाउने अधिकार नेपाल सरकारलाई प्रत्यायोजित गर्न । |

# जाति, रंग, क्षेत्र, भेषभूषा, राष्ट्रियता वा उत्पत्तिमा आधारित भेदभाव कसूर र सजायको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१

प्रमाणीकरण र प्रकाशन मिति..................

संवत २०८१ को ऐन नं. ........

**प्रस्तावनाः** प्रत्येक व्यक्तिको अधिकार र मानवीय मर्यादामा समान हुने सिद्धान्तलाई आत्मसात् गर्दैजन्म, वर्ण, जातिय उत्पत्ति, सम्प्रदाय, पारम्परिक वा सांस्कृतिक भेषभूषा, भौगोलिक बसोबास वा अन्य कुनै नाममा रंग, सम्प्रदाय, क्षेत्र, वंश, समुदायका आधारमा भेदभाव नहुने अवस्था सिर्जना गरी प्रत्येक व्यक्तिको समानता, स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको संरक्षण गर्न,

जाति, रंग, क्षेत्र, भेषभूषा वा राष्ट्रियता वा उत्पत्तिमा आधारित भेदभाव लगायत कुनै पनि किसिमको भेदभाव बिना उपभोग गर्न पाउने अधिकार भएको घोषणा गर्ने तथा यस्ता प्रकृतिका सबै व्यबहारहरुलाई रोक लगाउने, निषेध गर्ने तथा उन्मूलन गरी कुनै पनि स्थानमा गरिने भेदभाव, बहिष्कार, प्रतिबन्ध, निष्काशन, अवहेलना वा त्यस्तै अन्य मानवता विरोधी भेदभावजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई क्षतिपूर्तिको व्यवस्था गरी सर्वसाधारणबीच सुसम्बन्ध सुदृढ गरी राष्ट्रिय एकता अक्षुण्ण राखी समतामूलक समाजको सिर्जना गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "जाति, रंग, क्षेत्र, भेषभूषा, राष्ट्रियता वा उत्पत्तिमा आधारित भेदभाव (कसूर र सजाय) ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन नेपालभर लागू हुनेछ र नेपालबाहिर बसी नेपाली नागरिक विरुद्ध यस ऐन बमोजिमको कसूर गर्ने नेपाली नागरिकलाई समेत लागू हुनेछ ।

(३)यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "जाति, रंग, क्षेत्र, भेषभूषा, राष्ट्रियता वा उत्पत्तिमा आधारित भेदभाव" भन्नाले दफा ५ बमोजिमको कार्य सम्झनु पर्छ ।

(ख) "कसूर" भन्नाले दफा ४ बमोजिमको कार्य सम्झनु पर्छ ।

(ग) “सार्वजनिक समारोह” भन्नाले सार्वजनिक रुपमा आयोजना गरिएको भोज-भतेर, पूजा-पाठ, यज्ञ, अनुष्ठान, जन्म, नामाकरण, विवाह, मृत्यु जस्ता जुन सुकै प्रकारका धार्मिक, सामाजिक वा सांस्कृतिक समारोह सम्झनु पर्छ ।

(घ) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

३. **कानूनको अगाडी समानताको अधिकारः**सबै जात, रङ वा राष्ट्रिय वा जातीय मूलका मानिसहरु कानूनको अगाडी समान हुनेछन् ।

४. **जाति, रंग, क्षेत्र, भेषभूषा, वा राष्ट्रियता वा उत्पत्तिको आधारमा भेदभाव गर्न नहुनेः**

(१) कसैले पनि जाति, क्षेत्र, रंग, भेषभूषा वा राष्ट्रियता वा उत्पत्तिको आधारमा भेदभाव गर्न वा गराउन हुदैन ।

(२) कसैले जाति, रंग, क्षेत्र, भेषभूषा, वा राष्ट्रियता वा उत्पत्तिको आधारमा भेदभाव गर्ने कार्य गर्न कुनै प्रकारको मद्दत गर्न, दुरुत्साहन गर्न, उक्साउन वा त्यस्तो कार्यको उद्योग गर्न हुदैन ।

(३) कसैले उपदफा (१) वा (२) बमोजिमको कुनै कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ।

५. **जाति, रंग, क्षेत्र, राष्ट्रियता वा उत्पत्तिको आधारमा भेदभाव गरेको मानिने :** (१) कसैले कुनै पनि व्यक्तिलाई जाति, वंश, समुदाय, रंग, क्षेत्र, भेषभूषा वा राष्ट्रियता वा उत्पत्तिको आधारमा भेदभावमा यस दफा बमोजिमको कुनै काम गरे वा गराएमा जाति, रंग, भेषभूषा वा राष्ट्रियता वा उत्पत्तिको आधारमा भेदभाव गरेको मानिनेछ ।

(२) कसैले कुनै पनि व्यक्तिलाई जाति, रंग, क्षेत्र, भेषभूषा वा राष्ट्रियता वा उत्पत्तिको आधारमा भेदभावगरी सार्वजनिक वा निजी स्थानमा देहायको कुनै पनिकार्य गर्न वा गराउन हुदैन :-

(क) जातीय समूह वा समूहहरुको सदस्य वा सदस्यहरुलाई व्यक्तिको जीवन र स्वतन्त्रताको अधिकारको इन्कारी गरी,

(१) जातीय समूह वा समूहहरुका सदस्यहरुको हत्या गरेर,

(२) जातीय समूहवा समूहहरुका सदस्यहरु उपर गम्भिर शारीरिक वा मानसिक क्षति हुने गरी चोट पुऱ्याएर, उनीहरुको स्वतन्त्रता वा प्रतिष्ठाको उल्लङ्घन गरेर वा उनीहरुलाई यातना वा क्रुर, अमानवीय वा अपमान जनक व्यवहार वा सजाय दिएर, वा

(ख) कुनै स्थानमा प्रवेश गर्न, उपस्थित हुन वा भाग लिन निषेध गर्ने वा कुनै किसिमले रोक, नियन्त्रण वा प्रतिबन्ध लगाउने, वा

(ग) व्यक्तिगत वा सामूहिक रुपमा सार्वजनिक स्थान वा समारोहबाट निष्काशन, सामाजिक बहिष्कार वा कुनै प्रकारको भेदभाव गर्ने वा त्यस्तो कार्यमा प्रतिबन्ध लगाउने वा अन्य कुनै किसिमको असहिष्णु व्यवहार प्रदर्शन गर्ने वा

(घ) जातीय समूहवा समूहहरुका सदस्यहरु स्वेच्छाचारी पक्राउ गरी गैरकानूनी रुपमा थुनामा राख्ने, वा

(ङ) कुनै जातीय समूह वा समूहहरुलाई देशको राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक जीवनमा सहभागी हुनबाट रोक्ने हिसाबले गरिएका कुनै पनि कानूनी र अन्य उपायहरु तथा जातीय समूह वा समूहहरुलाई काम गर्न पाउने अधिकार, मान्यताप्राप्त ट्रेड युनियन खोल्न पाउने अधिकार, शिक्षाको अधिकार, आफ्नो देश छोड्न तथा फर्कने अधिकार, राष्ट्रियताको अधिकार, स्वतन्त्रतापूर्वक आवतजावत र बसोबास गर्ने अधिकार, विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकार, शान्तिपूर्वक भेला हुन पाउने अधिकारबाट बाधा अवरोध गर्ने, वा

(च) खासगरी जातीय समूहवा समूहहरुका सदस्यहरुलाई बलयुक्त श्रममा उनीहरुको श्रमको शोषण गर्ने,वा

(छ) रंगभेदको विरोध गरेबापत संघसंस्था र व्यक्तिहरुलाई मौलिकअधिकार र स्वतन्त्रताहरुबाट वञ्चित गरी उनीहरुलाई सास्ती दिने कार्य गर्ने ।

(३) कसैले पनि जाति, रंग वा राष्ट्रियता वा उत्पत्तिको आधारमा भेदभाव हुने कार्य गर्न कसैलाई भड्काउने, उक्साउने वा त्यस्तो कार्य गर्न दुरुत्साहन हुने कुनै कार्य गर्न वा त्यस्तो कुनै क्रियाकलापमा जानी-जानी सहभागी हुनु हुदैन ।

(४) कसैले कुनै पनि व्यक्तिलाई जाति, रंग, क्षेत्र, भेषभूषा, वा राष्ट्रियता वा उत्पत्तिको आधारमा कुनै धार्मिक कार्य गर्नबाट वञ्चित गर्न वा गराउन हुदैन ।

(५) कसैले जाति, रंग, क्षेत्र, भेषभूषा, वा राष्ट्रियता वा उत्पत्तिको आधारमा परिवारका कुनै सदस्यलाई बहिष्कार गर्ने, घरभित्र प्रवेश गर्न नदिने वा घर वा गाउँबाट निकाल्ने वा निस्कन बाध्य तुल्याउने कार्य गर्न वा गराउन हुदैन ।

(६) कसैले प्रचलित कानूनबमोजिम उमेर पुगेका वर-वधुवाट मञ्जूर भएको अन्तरजातीय विवाह गर्नबाट कुनै पनि व्यक्तिलाई जाति, रंग, क्षेत्र, भेषभूषा, वा राष्ट्रियता वा उत्पत्तिको आधारमा रोक लगाउन, त्यस्तो विवाहबाट जन्मिएका सन्तानको न्वारान नगराउन वा भइसकेको विवाह विच्छेद गराउन कुनै किसिमले कर गर्न वा गर्न लगाउन हुदैन ।

(७) कसैले श्रव्य-दृश्य सामग्री, लेख रचना, चित्र, आकार, कार्टुन, पोष्टर, पुस्तक वा साहित्यको प्रशारण, प्रकाशन वा प्रदर्शन गरेर वा अन्यकुनै तरिकाले कुनै जाति, रंग, भेषभूषा, राष्ट्रियता वा उत्पत्तिको आधारमा कसैलाई उचनीच दर्शाउने, अपमानजनक शब्दको प्रयोग गर्ने वा आचरण, हाउभाउ वा व्यवहारबाट त्यस्तो सङ्केत गर्ने वा अन्य कुनै पनि किसिमले अभिवृद्धि गर्ने किसिमबाट उक्साउन वा दुरुत्साहन गर्न वा गराउन हुदैन ।

६. **उजुर गर्ने :** (१) दफा ५ बमोजिमको कसूर कसैले गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले नजिकको प्रहरी कार्यालयमा तोकिएबमोजिम उजुर गर्न सक्नेछ ।

(२)उपदफा(१)मा जुन सुकै कुरा लेखिएको भएता पनि कसैले दफा ५ बमोजिमको कसूर नेपालबाहिर गरेमा निज बसोबास गरेको वा प्रतिवादी रहेको जिल्लाको नजिकको प्रहरी कार्यालयमा उजुर गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त भएको उजुरी सम्बन्धित प्रहरी कार्यालयले दर्ता नगरेमा वा प्रचलित कानूनबमोजिम आवश्यक कारबाही नगरेमा सम्बन्धित व्यक्तिले सो कुराको उजुरी तोकिएबमोजिम राष्ट्रिय मानवअधिकार आयोग वा आदिवासी जनजाती आयोग वा मधेशी आयोग वा थारु आयोग वा मुस्लिम आयोग वा स्थानीय तहमा समेत गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त उजुरी प्राप्त गर्ने निकायले सम्बन्धित प्रहरी कार्यालयमा तोकिएबमोजिम लेखी पठाउनेछ ।

(५) उपदफा (४) बमोजिम लेखी आएमा सम्बन्धित प्रहरी कार्यालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो उजुरी उपर प्रचलित कानून बमोजिम आवश्यक कारबाही अगाडि बढाउनु पर्नेछ ।

७. **मुद्दाको अनुसन्धानमा सहयोग लिन सक्ने :** यस ऐन अर्न्तगतको मुद्दाको अनुसन्धान गर्दा अनुसन्धान गर्ने अधिकारीले आवश्यकता अनुसार जाति, रंग, क्षेत्र, भेषभूषा वा राष्ट्रियता वा उत्पत्तिको आधारमा भेदभावबाट पीडित व्यक्तिको हकअधिकार संरक्षण कार्यमा संलग्न रहेका नागरिक समाजवा संघ संस्थाका प्रतिनिधिको सहयोग लिन सक्नेछ ।

८. **सजाय :** (१) कसैले देहायको कसूर गरेमा देहायबमोजिम सजायहुनेछ :-

(क) दफा ५ को उपदफा (२)(क) को खण्ड (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई जातिहत्यामा हुने सजाय,

(ख) दफा ५ को उपदफा (२)(क) को खण्ड (२) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीनबर्ष देखि पाँच वर्षसम्म कैद सजाय र तीस हजार रुपैया देखि पचास हजार रुपैयासम्म जरिबाना,

(ग) दफा ५ को उपदफा (२) (क) बाहेकको कसूर गर्ने व्यक्तिलाई एक बर्ष देखि तीनवर्षसम्म कैद र दश हजार रुपैयादेखि तीस हजार रुपैयासम्म जरिबाना,

(घ) जाति, रंग वा राष्ट्रियता वा उत्पत्तिको आधारमा भेदभाव गर्न मद्दत गर्ने, दुरुत्साहन गर्ने, उक्साउने वात्यस्तो कार्य गर्न उद्योग गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय ।

(२) सार्वजनिक पद धारण गरेको व्यक्तिले उपदफा (१) बमोजिमको कसूर गरेमा निजलाई सो उपदफामा उल्लिखित सजायमा पचास प्रतिशत थप सजाय हुनेछ ।

९. **बाधा विरोध गर्नेलाई सजाय :** यस ऐन अन्तर्गत सजाय हुने कसूरको अनुसन्धान वा तहकिकातको काममा कसैले बाधा विरोध गरेमा निजलाई अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीको प्रतिवेदनको आधारमा अदालतले कसूरदारलाई हुने सजायको आधा सजाय गर्न सक्नेछ ।

१०. **क्षतिपूर्ति :** (१) कसैले यस ऐन बमोजिमको कसूर गरेको ठहरिएमा त्यसरी ठहर गर्दा अदालतले कसूरदारबाट पीडितलाई पच्चीस हजार रुपैयादेखि एक लाख रुपैयासम्म क्षतिपूर्ति भराइ दिन सक्नेछ ।

(२) उपदफा (१) को क्षतिपूर्ति बाहेक कसूरदारले पीडितलाई कुनै हानि नोक्सानी पुऱ्याएको रहेछ भने अदालतले सोको प्रकृतिको आधारमा उपचार खर्च वा थप हानि नोक्सानीको मनासिव रकम कसूरदारबाट पीडितलाई भराउने आदेश दिन सक्नेछ ।

११. **हदम्याद :** यस ऐनअर्न्तगतको कसूरमा कसूर भए गरेको मितिले एक बर्षभित्र मुद्दा दायर गर्नु पर्नेछ ।

१२. **सरकारवादी हुने:** यस ऐन अन्तर्गतको मुद्दा सरकारवादी हुनेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

१३. **संक्षिप्त कार्यविधि अपनाउनु पर्ने :** यस ऐन अन्तर्गतको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

१४. **प्रचलित कानून बमोजिम सजाय हुने:** यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम समेत कसूर हुने रहेछ भने त्यस्तो कसूरमा प्रचलित कानून बमोजिम मुद्दा चलाइ कारबाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

१५. **यसै ऐन बमोजिम हुने :** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

१६. **सहयोग गर्नु पर्ने :** यस ऐन अन्तर्गतको मुद्दामा अनुसन्धान तथा तहकिकातको कार्यमा सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१७. **नियम बनाउन सक्ने :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।